# बेनी नगरपालिकाको कर्मचारीहरुको लागि आन्तरिक पर्यटन भ्रमण काज कार्यविधि, २०८२

बेनी नगरपालिकामा कार्यरत विभिन्न सेवा, समूह, तह तथा पदका कर्मचारीहरुलाई काममा उत्प्रेरित गराउन, अध्ययन भ्रमणबाट सेवा सम्बन्धी ज्ञान, अनुभव हासिल गराई नगरपालिकाको कार्य सम्पादनमा प्रभावकारिता हासिल गर्न तथा आन्तरिक पर्यटन काजको माध्यमबाट कर्मचारीहरुलाई नगरको सेवा प्रवाहमा लगनशील तुल्याउन वाञ्छनीय भएकाले बेनी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (७) र बेनी नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७४ को दफा (४) बमोजिम नगरपालिकाको कर्मचारीहरुको लागि आन्तरिक पर्यटन भ्रमण काज कार्यविधि, २०८२ बनाएको छ ।

## परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "नगरपालिकाको कर्मचारीहरुको लागि आन्तरिक पर्यटन भ्रमण काज कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

## परिच्छेद –२ परिभाषा

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अन्य खर्च" भन्नाले आकस्मिक परिस्थिति परी आन्तरिक पर्यटन काजमा खटिएको कर्मचारीहरुको लागि नगरपालिकाले गर्नुपर्ने कामका लागि गर्नुपर्ने आकस्मिक खर्चलाई सम्झनुपर्दछ।

(ख) "आन्तरिक पर्यटन काज" भन्नाले बेनी नगरपालिकाको कर्मचारीहरू यस जिल्ला बाहेकको अन्य जिल्लामा गई गर्ने सरकारी कार्यालयहरुमा अन्तर्क्रिया (अनुभव आदानप्रदान) र पर्यटकीय स्थलको भ्रमणलाई सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले संघीय ऐन, प्रादेशिक ऐन तथा स्थानीय तहको ऐन समेत सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले बेनी नगरपालिकालाई सम्झनुपर्दछ।

(ङ) "नगर प्रमुख" भन्नाले बेनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ।

(च) "उप प्रमुख" भन्नाले बेनी नगरपालकाको नगर उपप्रमुख सम्झनुपर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेनी नगरपालिकको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(ज) "प्रशासन शाखा प्रमुख" बेनी नगरपालिकाको प्रशासन शाखा प्रमुख सम्झनुपर्दछ।

(झ) "टोली प्रमुख" आन्तरिक पर्यटन भ्रमणमा टोलीको नेतृत्व गरी जाने अधिकृतस्तरको कर्मचारी सम्झनुपर्दछ।

(ञ) "टोली" भन्नाले बेनी नगरपालिकाबाट आन्तरिक पर्यटकीय भ्रमणमा जाने टोली सम्झनु पर्दछ।

(ट) "प्रतिवेदन" यस नगरपालिकाबाट आन्तरिक पर्यटन भ्रमणमा जाने कर्मचारीहरुको टोली प्रमुखले दिने प्रतिवेदन सम्झनुपर्छ।

(ठ) "भ्रमण अवधि" भन्नाले नगरपालिकाका कर्मचारीहरुमध्ये आन्तरिक पर्यटनमा खटिएको बढीमा सात दिनको भ्रमण अवधि सम्झनुपर्दछ। यस मध्ये पाँच दिन भन्दा बढी कार्यालय समय खर्च गर्न पाइने छैन।



सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय, बेनी नगरपालिका, बेनी, म्याग्दी, गण्डकी प्रदेश, नेपाल, २०७३

(ङ) "भ्रमण खर्च" भन्नाले आन्तरिक पर्यटन भ्रमण काजमा जाने कर्मचारीहरुले पाउने दैनिक भ्रमण खर्च सवारी साधन भाडा प्रतिवेदन खर्च र स्थानीय उत्पादन खरिद खर्च लगायतको सबै खर्चलाई सम्झनुपर्दछ।

(ढ) "सदस्य संख्या" बेनी नगरपालिकाबाट आन्तरिक पर्यटन भ्रमणमा जाने कम्तिमा पाँच जना देखि बढिमा नौं जनाको कर्मचारीहरुको समूहका सदस्यहरुलाई सम्झनुपर्छ।

## परिच्छेद –३ उद्देश्य तथा कार्यक्रम कार्यान्वयन प्रक्रिया:

**३. कार्यक्रम संचालनको उद्देश्यः**

(१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

क) नगरपालिकाका कार्यरत कर्मचारीलाई काममा प्रोत्साहित गर्ने,

ख) देशका विभिन्न भौगोलिक क्षेत्रको अवस्था अवलोकनको अवसर दिलाई नगरसँग तुलना गर्न सक्ने तुल्याउने,

ग) अन्य स्थानीय तहको असल अभ्यासको जानकारी लिई नगरमा समेत उपयोग गर्ने,

घ) देशका विभिन्न क्षेत्रको आर्थिक सामाजिक सांस्कृतिक अवस्थाको ज्ञान दिलाउने।

**४. कार्यक्रम कार्यान्वयन प्रक्रिया:** आन्तरिक भ्रमण काज गर्ने गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ।

(१) यस कार्यविधिमा व्यवस्था भए बमोजिम टोली प्रमुखसहित भ्रमणमा जाने कर्मचारीहरुको समूह निर्माणमा सहजीकरण गर्न एक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ग) प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(३) समितिले भ्रमण काजमा जाने कर्मचारीहरुको छनौटमा समस्या भएमा सहजीकरण गर्दै टोलीमा रहने सदस्यहरुको निर्क्यौल गर्नेछ।

(४) नगरपालिकाको एक जना अधिकृतस्तरको कर्मचारी टोली प्रमुख रहने गरी सबै तह र श्रेणीलाई समेट्ने गरी भ्रमणमा जान चाहने कर्मचारीहरुले टोली प्रस्ताव गर्न सक्नेछन्।

(५) भ्रमणमा जाने स्थायी कर्मचारीका हकमा परीक्षण कालको अवधी पुरा भएको हुनु पर्नेछ तथा बेनी नगरपालिका अन्तर्गतका कार्यालयहरुमा कामजकाजमा खटिएको एक वर्ष पुगी सकेको हुनु पर्नेछ। नगरपालिका मातहतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुका हकमा भने सेवामा खटिएको कम्तिमा चार वर्ष पुरा भएको हुनु पर्नेछ। तर प्रमुख प्रशासकीय अधिकृतको हकमा यो व्यवस्था लागू हुने छैन।

(६) बेनी नगरपालिकाका कर्मचारीहरुले एक आर्थिक वर्षमा एक पटक मात्र भ्रमण (पर्यटन काज) को सुविधा पाउने छन्। सोही आर्थिक वर्षमा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह (बेनी नगरपालिका) बाट खर्च हुने अन्य कार्यक्रमबाट भ्रमणमा गएका कर्मचारीहरु यस कार्यक्रममा सहभागी हुन पाउने छैनन्।



सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

**५. समितिका काम, कर्तव्य र अधिकार:**

(१) दफा (४) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) आन्तरिक पर्यटन काज कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सुझाव, सल्लाह तथा निर्देशन दिने ।

ख) कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा देखिएका समस्या समाधानका लागि पहल गर्ने ।

ग) कार्यक्रमका लागि आवश्यक पर्ने बजेटको अनुमान गरी नगर कार्यपालिकामा पेस गर्ने ।

घ) कर्मचारीको कार्यबोझ, कार्य सम्पादन लगायतको आधारमा आन्तरिक पर्यटन काजमा जाने कर्मचारीको टोली प्रमुख र अन्य कर्मचारीहरु छनौट गर्ने ।

**परिच्छेद -४ भ्रमण काजमा खटिने कर्मचारीले पाउने सुविधा**

**६. सुविधा उपलब्ध गराउने प्रकृया:**

(१) यस कार्यक्रमका लागि प्रदान गरिने खर्च रकम वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमाभित्र रही गरिनेछ।

(२) टोलीमा खटिने प्रत्येक सदस्यले दैनिक खाना, खाजा र बाँस बापत प्रति दिन एक हजार पाँच सय रुपैयाँ र स्थानीय उत्पादन खरिद वापत भ्रमण अवधिका लागि जम्मा पाँच हजार रुपैयाँ पाउनेछ ।

(३) उपदफा (२) अनुसारको रकम बाहेक यातायात खर्च बापत भ्रमण टोलीले तीस हजार रुपैयाँ एकमुष्ट रुपमा पाउनेछ ।

(४) उपदफा (३) अनुसार रकम प्राप्त गरेपछी भ्रमण खर्च नियमावली बमोजिमको कुनै पनि सुविधा पाउने छैन । तर नगरपालिकाले भ्रमण टोलीमा खटी जाने कर्मचारीहरुका लागि सामुहिक दुर्घटना बीमा गरी दिन सक्नेछ ।

(५) नियमानुसार प्राप्त हुने भ्रमण बापतको रकम मध्ये स्थानीय उत्पादन खरिद तथा यातायात खर्च भुक्तानीका लागि बील भरपाई पेस गर्नुपर्नेछ ।

**परिच्छेद: ५ कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन**

**७ कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन:**

(१) यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रमको वार्षिक रुपमा समितिले अनुगमन मूल्याङ्कन गरी विषयगत समितिमा प्रतिवेदन पेस गर्नेछ । सोही आधारमा कार्यक्रमलाई थप परिमार्जन सहित निरन्तरता दिने गरी आगामी आर्थिक वर्षको कार्यक्रम प्रस्ताव गरीनेछ ।

**परिच्छेद ६ विविध**

**८. संशोधन:** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

**९. खारेजी र बचाउ:** यस कार्यविधिमा व्यवस्था भएका विषयहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । यस कार्यविधि लागू हुनु पूर्व कार्यालयको निर्णय बमोजिम भएका पर्यटन काज/भ्रमणहरुलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३